अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर म्याग्दी

कार्यालय कोड ८०१०४४४०२
फोन नं: -९८५७३८३८१० प्र.प्र.अधिकृत
Email :ito.annamun@gmail.com
Web : annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश, नेपाल

प.स. - ०७८/०७९
च.न .

मिति :२०७८/०७/ १७

**बिषय: लेखा परीक्षणको लागी सूचिकृत हुने सम्बन्धी सूचना ।**

प्रस्तुत बिषयका सम्बन्धमा मौजुदा शिक्षा नियमावली, २०५९ को नियम, १७१ बमोजिम प्रत्येक बर्ष विद्यालयले तोकिए बमोजिमका विषयमा लेखा परीक्षण गराउनुपर्ने भनि उल्लेख भएकोले यस गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालय, सिकाइ केन्द्र र बालविकास केन्द्रहरुको आ.ब.०७७/०७८ को आय ब्ययको अन्तिम लेखा परीक्षण गर्ने प्रयोजनका लागी नेपाल चार्टर एकाउण्ट संस्थामा दर्ता भई योग्यता पुगेका इच्छुक ब्यक्ति,फर्म वा कम्पनीलाई तपसिल बमोजिमका अनिवार्य कागजात सहित यस कार्यालयमा सूचिकृत हुन गाउँ शिक्षा समितिको मिति २०७८/०५/१९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । साथै सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्राप्त नभएका आवेदकहरुलाई मान्यता दिइने छैन ।

**तपसिलः**

अनिवार्य रुपमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१. सूचिकृत हुनको लागी निवेदन र छाँप (सम्पर्क नम्बर र इमेलसहित) ,
२. अन्नपूर्ण गाउँपालिको प्रभु बैङ्क पोखरेवगर म्याग्दी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १५४०११०४१२६०००५६ मा रु.१०००।- रकम जम्मा गरेको भौचर,
३. नेपाली नागरिकताको प्रतिलिपि फर्म वा कम्पनीको हकमा फर्म/ कम्पनी दर्ता र नविकरण खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
४. स्थायी लेखा नम्बर/कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
५. आर्थिक बर्ष ०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
६. स्वघोषणा पत्र (Self-Declaration Letter) ।

सम्पर्क इमेल ठेगाना र नम्बर इमेलः

edu.annamun@gmail.com/९८४६०७९१०२/९८५७६८३८१५/९८५७६२७८२४

पूनश्चः निवेदन दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट निवेदन दर्ता गरिनेछ ।

सुरण प्रसाद शर्मा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुरण प्रसाद शर्मा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

" स्वच्छ र सक्षम निजामती प्रशासन् , समृद्धि र सुशासन "